

**के तपाईको घर पा(नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड**

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ७ गते आइतबार ❑ 21 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कृषि उत्पादन वृद्धि प्रदेशको प्राथमिकता : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
वलेवा, ६ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कृषि उत्पादनको वृद्धिलाई प्रदेश सरकारले प्राथमिकतामा राख्ने बताउनुभएको छ।



बागलुङ नगरपालिकाले आयोजना गरेको 'हाम्रा ३६५ दिन, सम्मान तथा चियापान' कार्यक्रमलाई सम्बोधन गर्दै आज बागलुङमा उहाँले प्रदेश सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सामूहिक खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने बताउनुभयो । "अहिले भर्खरै हामिले उद्योग चलाउँछौं, रोजगारी सिर्जना गर्छौं भनेर सम्भव छैन्, हाम्रो जमिनको उपयोग र कृषिको उत्पादनबाट हामीले समृद्धिको सुरुआत गर्नुपर्ने छ", उहाँले भन्नुभयो, "हामीले स्पष्ट नीति नबाएर सहकारी वा समूहमार्फत सामूहिक खेती प्रणालीको सुरुआत गर्छौं, सामूहिक रूपमा व्यावसायिक खेती गर्नेलाई प्रोत्साहन गर्ने कार्यक्रम आगामी वर्ष नै 'पाइलट प्रोजेक्ट'का रूपमा सुरुआत हुने उहाँले बताउनुभयो। स्थानीय तहहरूलाई पकेट क्षेत्र मानेर सोही अनुसारको उत्पादनमा जोड दिने नीतिको तयारीमा प्रदेश सरकार रहेको उहाँको भनाइ थियो। उहाँले प्रदेश सरकार टुक्रे योजना र बजेटलाई नियन्त्रण गर्ने तयारीमा रहेको बताउनुभयो। "अब प्रदेशले कनिका छरेझैं बजेट बाँड्दैन्, स-साना काम गरेनन् भनेर प्रदेशका माननीयलाई गाली नगर्नूहोला", उहाँले भन्नुभयो, "हामीले स्थानीय तहले नसकेका योजनामा लगानी गर्छौं, जसले दीर्घकालीन महत्व राखून् ।" स-साना टुक्रे काम गर्ने जिम्मेवारी स्थानीय तहको भएको उहाँको धारणा थियो । मुख्यमन्त्री पाण्डेले अराजकताको बलमा उदाएका शक्तिहरूले लोकतन्त्र र गणतन्त्रलाई सङ्कटमा धकेलेको आरोपसमेत लगाउनुभयो। "जनप्रतिनिधि होस् वा पार्टीको नेतृत्व एक वर्षमा काम गऱ्यो गरेन भनेर मूल्याङ्कन गर्ने होइन, एक वर्षमा त कामको सुरुआत गर्ने दिशा समात्यो कि समातेन भनेर हेर्ने हो", उहाँले भन्नुभयो । उहाँले बागलुङका प्रदेशसभा सदस्य, प्रतिनिधिसभा सदस्य, पूर्वजनप्रतिनिधि तथा विभिन्न सामाजिक क्षेत्रका ६० जनाभन्दा धेरैलाई सम्मान गर्नुभएको थियो।



पूर्वराजपरिवारको हिउँदकालीन दरबारका रुपमा चिनिने पोखराको फेवाकिनारमा अवस्थित रत्न मन्दिर । नेपाल ट्रस्टको स्वामित्वमा रहेको उक्त दरबारलाई गणतन्त्र दिवसको अवसर पारेर यही जेठ १५ गतेदेखि सर्वसाधारण तथा पर्यटकका लागि खुला गरिने भएको छ। तस्बिर : रामबहादुर थापा/रासस

## नीति तथा कार्यक्रममा गण्डकीका विभिन्न योजना समावेश

**पोखरापत्र संवाददाता**
पोखरा, ६ जेठ

संघीय सरकारले शुक्रबार सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा गण्डकी प्रदेशभित्र सञ्चालन गरिने योजनासमेत समेटिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा वर्षौंदेखि बन्द अवस्थामा रहेको यहाँको गोरखकाली रबर उद्योग सञ्चालनदेखि जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजनालाई प्राथमिकताका साथ अगाडि बढाइनेसम्म उल्लेख छ।

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजना सरकारले आफ्नै लगानीमा बनाउने घोषणा यसअघि नै गरेको थियो । गोरखा र धादिङको सिमानामा पर्ने बूढीगण्डकी नदीमा बन्ने एक हजार दुई सय मेगावाटको उक्त आयोजना वर्षौंदेखि अन्यौलमा रहँदै आएको थियो। संसद्मा सम्बोधनका क्रममा राष्ट्रपति पौडेलले हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखानासँगै गोरखामा रहेको गोरखकाली रबर उद्योग पनि पुनःसञ्चालनमा ल्याइने उल्लेख गर्नुभएको थियो । गोरखाको मजुवा देउरालीमा रहेको सो उद्योग विसं २०७१ देखि पूर्णरुपमा बन्द छ । विसं २०४९ देखि उत्पादन थालेको गोरखकाली रबर उद्योग नेपालको एकमात्र टायर उद्योग हो । लामो समयदेखि बन्द तथा रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन, खारेजी, एकीकरण वा व्यवस्थापनको विषयमा अध्ययन गर्न उच्चस्तरीय अध्ययन समितिसमेत गठन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। गोरखामै उपयुक्त स्थान पहिचान गरेर नेपालका सम्पूर्ण जातजातिको संस्कृति र पहिचान झल्कने गरी सङ्ग्रहालयका निर्माणको प्रक्रिया अगाडि बढाइने भएको छ । पोखरासहित प्रमुख सहरमा भूमिगत विद्युत् वितरण प्रणालीलाई विस्तार गरिने जनाइएको छ । पोखरामा विद्युतीय तार भूमिगत गर्ने परियोजना गत महिनादेखि सुरु भइसकेको छ। गण्डकी जलाधार क्षेत्रमा पर्ने जलाधारीय स्रोतको दिगो व्यवस्थापन गर्दै जलवायु परिवर्तनको अनुकूलन क्षमता अभिवृद्धि गरिने भएको छ।

## संविधानको रक्षामा प्रेसको भूमिका महत्वपूर्ण : मन्त्री आले

**पोखरापत्र संवाददाता**
दमौली, ६ जेठ

गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आले मगरले संविधानको रक्षा र लोकतन्त्र संरक्षणमा नेपाली प्रेसको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।




प्रेस युनियन तनहुँको शनिबारआयोजित आठौं अधिवेशनको उद्घाटनमा मन्त्री आलेले नेपाली पत्रकारिता क्षेत्रले लोकतन्त्रको संरक्षण र संविधान रक्षाका लागि खेलेको भूमिका


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## नीति तथा कार्यक्रममा उठाएका विषय समेटिएका छन् : महासंघ

**रासस**
काठमाडौं, ६ जेठ

निजी उद्योगी तथा व्यवसायीहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले सरकारको नीति तथा कार्यक्रममा आफुले दिएको सुझाव सम्बोधन गरिएकामा प्रसन्नता व्यक्त गरेको छ।

महासङ्घले अहिलेको आर्थिक अवस्था, अर्थतन्त्रको समग्र मागमा आएको ह्रास, तरलताको सङ्कुचन, उच्च ब्याजदर, मूल्य वृद्धि, न्यून पूँजीगत खर्च, घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरिने विषय समावेश गरिएकामा प्रसन्नता व्यक्त गरेको हो । महासङ्घका नीति तथा कार्यक्रममा समावेश गरिएका विषयलाई बजेटले कुन दिशामा लिने हो र कसरी अनुसरण गर्ने वा समेट्ने हो त्यो हेर्नुपर्ने बताएको छ। महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नीति तथा कार्यक्रममा समावेश गरिएका विषयमा बजेटमार्फत कसरी सम्बोधन हुन्छ त्यो हेर्न बाँकी रहेको बताउनुभयो। उहाँले महासङ्घले दिएका विषय जस्तै निजी क्षेत्रलाइ अर्थतन्त्रको मुख्य साझेदार मानेकामा खुसी व्यक्त गर्नुभयो । सरकार र निजी क्षेत्रको बलियो साझेदारीमार्फत उत्पादन तथा उत्पादकत्व बढाउने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरिएको छ । यस्तै विदेशी लगानीलाई प्राथमिकताका साथ परिचालन गरिने विषयलाई पनि महत्वका साथ समावेश गरिएको छ।




# अरण्यज्योति कप क्रिकेटमा सेमिफाइनल समिकरण पुरा

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ

लुम्बिनी विकास बैंक लिमिटेड अरण्यज्योति क्रिकेट प्रतियोगितामा समुह 'ख'बाट पेलिकेण्स तनहुँ र साँग्रिला क्रिकेट क्लव सेमिफाइनलमा प्रवेश गरेका छन् ।

शनिबार भएको खेलमा जित हाँसिल गर्दै समान चार अंक सहित यि दुई क्लवले सेमिफाइनलमा स्थान बनाएका हुन् । यो संगै प्रतियोगिताको सेमिफाइनल समिकरण पुरा भएको छ । अब आइतबार हुने सेमिफाइनलमा ग्रुप ए को विजेता अरण्यज्योतीले ग्रुप बि को उपविजेता साँग्रिलासंग तथा ग्रुप बि को विजेता तनहुँले ग्रुप ए को उपविजेता बाग्लुङसंग प्रतिस्पर्धा गर्नेछ ।

शनिबारको पहिलो खेलमा साँग्रिलाले पल्सर सिइसीलाई २६ रनले पराजित गरेको




थियो । पहिला ब्याटिङ गरेको साँग्रिलाले कृष्ण कार्कीको ३२ तथा विपिन खत्रीको २५ रनको मद्धतमा पुरा २० ओभरमा ९ विकेट गुमाएर १ सय ८ रन बनाएको थियो । सिइसीका बलरहरु स्वरुप श्रेष्ठले ४ तथा किरण चन्दले १ विकेट लिए । प्रत्युत्तरमा सिइसीले पुरा २० ओभरमा ६ विकेट गुमाएर ८२ रन मात्रै बनाउन सक्यो । सिइसीका रित गौतमले ३६ तथा कृष्ण भट्टले १५ रन जोडे । बलिङतर्फ २ विकेट लिएका साँग्रिलाका कृष्ण कार्की म्यान अफ द म्याच चुनिय । अर्का बलर नारायण जोशिले पनि २ विकेट लिएका थिए । शनिबारकै अर्को खेलमा तनहुँले राइजिङ पोखरामाथि २ रनको रोमाञ्चक जित निकाल्यो । वर्षाका कारण रोकिने र शुरु हुने भएको खेलमा राइजिङ पोखराले डिएलए नियम अनुसार १२ ओभरमा ८३ रनको लक्ष्य पाएको थियो । तर उसले ७ विकेटको क्षतिमा ८० रन मात्रै बनाउन सक्यो । तुले थापाले आक्रामक ब्याटिङ गर्दै १० बलमा ३ छक्का सहित १९ रन तथा कप्तान अमृत गुरुङ्गले २६ रनको पारी खेले पनि पोखरा राइजिङ जितको नजिकै पुगेर पनि जित निकाल्न सकेन । त्यसअघि ब्याटिङ गरेको तनहुँले २० ओभरमा १ सय १५ रन बनाएको थियो । तनहुँका लागि क्रिस कार्कीले २८ तथा इशान पाण्डेले २६ रन बनाए । राइजिङका बलरहरु कृष्ण पौडेलले ३ तथा अमृत गुरुङ्गले २ विकेट लिएका थिए । खेलमा तनहुँका इशान पाण्डे म्यान अफ द म्याच भए ।

# जेष्ठ नागरिकसँग पोखरा-२६

ललित अधिकारी/ तुलसी धमला
पोखरा, ६ जेठ

पोखरा महानगरपालिका वडा नं -२६ ले आफनो वडा भित्र रहेका जेष्ठ नागरिक दिवा सेवा केन्द्रका लागि सहयोग गरेको छ ।

गत साल भएको स्थानिय तहको निर्वाचनमा वडाअध्यक्ष पदमा निर्वाचित भएका नरेन्द्र थापा सहितको टिमले पदस्थापनाको पहिलो निर्णयमा नै जेष्ठ नागरिक र सुत्केरी महिलाको लागि सहयोग गर्ने घोषणा मुताविक विहिवार वडा भित्रका तीन वटा केन्द्रका लागि सहयोग गरिएको हो ।

वडा अध्यक्ष नरेन्द्र थापाको जन्मदिन र गत जेठ ४ गते निर्वाचित भएको दिन पारेर वडा नं २६ ले जेष्ठ नागरिक दिवा सेवा केन्द्र जटा शंकर धार्मीक सेवा केन्द्र,जल्धारे जेष्ठ नागरिक सेवा केन्द्र र सक्नेरी जेष्ठ नागरिक दिवा सेवा केन्द्रका एक सय ८० जना जेष्ठ नागरिकलाई थर्मस र लौरो प्रदान गरिएको हो ।

यसैगरि वडाले जेष्ठ नागरिकको दिवा सेवा केन्द्रमा खाजाको ब्यवस्था मिलाउनका लागि प्रति सेवा केन्द्रमा रु एक एक लाख सहयोग गरिएको छ ।

कार्यक्रममा वडाअध्यक्ष नरेन्द्र थापाले निर्वाचन भएको एक वर्षको समयमा विकास निर्माणका कामले तिव्रता पाएको र जेष्ठ नागरिकहरुमा एक्लोपन नहोस भनि वडाले सहयोगलाई निरन्तरता दिदै जाने बताएका थिए । तिन छुट्टा छुट्टै स्थानमा भएको कार्यक्रममा वडासचिव मिना भण्डारी,जटा संकर धार्मीक जेष्ठ नागरिक दिवा सेवा केन्द्रका निवर्तमान अध्यक्ष कृष्ण बहादुर अधिकारी,सल्लाहकार हरि अधिकारी,वडा सदस्य तिर्थ वहादुर राजभाट र स्थानिय देवेन्द्र रानाभाट,जल्धारे जेष्ठ नागरिक सेवा केन्द्रका अध्यक्ष मनोहरी ढुगाना,उपाध्यक्ष बिनिमाधव अधिकारी,स्थानिय निर्मला ढुगाना,हेम मोहन भट्टराई,अमरज्योती गाउफर्क मावि विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष प्रकाशमोहन भट्टराई लगाएतले जेष्ठ नागरिक अनुभवका खानी भएकाले उनिहरुको सन्मान गर्नु राज्यको दाईत्व भएको धारणा राखेका थिए । यसैगरि पोखरा २६ को सक्नेरी जेष्ठ नागरिक दिवा सेवा केन्द्रमा भएको कार्यक्रममा सेवा केन्द्रका अध्यक्ष जगनाथ तिमिल्सेना,सचिव भीमनाथ अधिकारी,दिवा सेवा केन्द्रका संयोजक हरीभक्त अधिकार ी,स्थानिय ऋषिकेश बराल र तारा शर्मा ढकालले दिवा सेवा केन्द्र जेष्ठ नागरिकहरुको अनुभव साटासाटको थलो बनेकाले यसलाई ब्यवस्थीत बनाउनु पर्नेमा जोड दिएका थिए ।




# कास्कीका गाईभैँसीमा लम्पी स्किन रोगको प्रकोप

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ

कास्कीका गाउँ तथा सहरी क्षेत्रमा गाईभैँसीमा लम्पी स्किन रोगको प्रकोप देखापरेको छ । घरपालुवा पशुचौपायामा देखिने विषाणुजन्य 'लम्पी स्किन' रोगको सङ्क्रमणबाट गाईभैँसी मर्न थालेका छन् ।

गाईवस्तु मर्न थालेपछि किसान चिन्तित बनेका छन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कास्कीका पशु चिकित्सक भरत रेग्मीका अनुसार कास्कीको पूर्वी भेगमा यो रोगको प्रकोप बढी देखिएको छ । एक हप्ताअघि प्रभावित क्षेत्र पोखरा-३२ को लेखनाथ र ३३ को बागमाराका १६ गाई फार्मका दुई सय ५२ गाईमा लम्पी स्किन रोगको सङ्क्रमण देखिनुका साथै सङ्क्रमणका कारण चार गाईको मृत्यु भइसकेको रेग्मीले बताउनुभयो ।

गाउँपालिकाको तुलनामा पोखरा महानगपालिकामा यो रोगको प्रकोप बढी मात्रामा देखिएको छ । यो रोगको सङ्क्रमण केही मात्रामा कास्कीको रुपा, मादी र माछापुच्छ्रे गाउँपालिकामा पनि देखिएको छ । कास्कीका विभिन्न भेगमा दुई हजारभन्दा बढी चौपायामा यो रोगको प्रकोप देखिएको छ ।

लम्पी स्किन रोगेको पशुमा उच्च ज्वरो आउने, भोक्राउने, खाना नरुच्ने र दूध कम दिने लक्षण देखिन्छ । छालामा पाँच सेन्टिमिटरसम्मको गोलो गिर्खा र घाउ देखा पर्छ", चिकित्सक रेग्मीले भन्नुभयो, "नाक र मुखबाट तरल पदार्थ काढ्ने ' लम्पी स्किन' सङ्क्रमण बढेपछि पशुचौपाया मर्छन् ।" 'क्याप्री पक्स' नामक भाइरसको सङ्क्रमणबाट लाग्ने यो रोगबाट बचाउन विश्वभर खोप लगाउने चलन छ । रोग लाग्दा पशुका खुट्टाका जोर्नी फुल्ने, ज्वरो आउने, शरीरको छालामा फोका उठ्ने, ऱ्याल र सिँगान काँढ्ने, गर्भिणी पशु तुहिने र दुहुनो गाईले दूध कम दिने समस्या देखापर्छ । लम्पी स्किन रोगको सङ्क्रमण भैँसीको तुलनामा गाईमा बढी देखिने रेग्मीको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कास्कीका पशु विकास अधिकृत एवम् सूचना अधिकारी सहदेव पौडेलका अनुसार लम्पी स्किन रोगका कारण दुहुना पशुको दूध उत्पादनमा ह्रास आउँछ । यस रोगको सङ्क्रमण भएमा दूध उत्पादन ८० प्रतिशतसम्म घट्दा कृषकलाई ठूलो आर्थिक क्षति पुग्छ । पशुमा यो रोगको सङ्क्रमण देखिए पनि मानिसले दूध सेवन गर्दा कुनै असर नगर्ने उहाँ बताउनुहुन्छ । पशु चिकित्सक अनन्त कोइरालाले लम्पी स्किन रोग 'जुनोटिक डिजिज' नभएकाले सङ्क्रमित पशुको दूध सेवन गर्न सकिने बताउनुभयो । यो रोग केवल गाईभैँसीमा मात्र सर्ने भएकाले सामान्य अवस्थामा जस्तै दूध उमालेर खान सकिन्छ । अन्य वस्तुमा सङ्क्रमण हुन नदिनकै लागि यो रोग लागेका पशु चौपायालाई कम्तीमा २१ दिन क्वारेन्टिनमा राखिने गरिन्छ । रोग नियन्त्रण गर्न गोठको सरसफाइ, भकारो व्यवस्थापन र चरन क्षेत्रको ख्याल गर्नुपर्ने हुन्छ । रोगको उपचारका लागि आवश्यक औषधि र जनशक्तिको व्यवस्था गर्न किसानले माग गरेका छन् ।

# संविधानको...

सदैव स्मरणीय रहँदै आएको उल्लेख गर्नुभयो । जोखिमका बीचमा पनि पत्रकारले आफ्नो धर्म निर्वाह गरिरहेको बताउँदै मन्त्री आलेले पछिल्लो समय अनलाइन पत्रकारितामा विकृति बढेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय अनलाइन पत्रकारितामा जनता प्रष्ट हुन सकिरहेका छैनन्, जनता भ्रममा परिरहेका छन् । त्यसलाई पत्रकारले चिर्नुपर्ने अवस्था छ ।"

पत्रकारितामा पनि विकृति बढ्दै गएकाले त्यसलाई सुधार गर्नुपर्ने आवश्यक रहेको भन्दै उहाँले भन्नुभयो, "पत्रकारितामा पैसाको मोलमोलाइको प्रवृत्ति बढ्दै छ । पत्रकारिता राज्यको चौथो अङ्ग भएकाले पत्रकारिता क्षेत्रलाई सुधार्नुपर्ने आवश्यकता छ ।" प्रेस युनियन लोकतन्त्रमा विश्वास राख्ने संस्था भएकाले प्रेस युनियनमा आबद्ध पत्रकारहरूले स्वच्छ पत्रकारिता गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष ऋषिकान्त पौडेलले पत्रकारितामा चुनौती रहेकाले वर्तमान सरकारले पत्रकारिता क्षेत्रको समस्या सम्बोधन गर्नेमा विश्वास व्यक्त गर्नुभयो । प्रेस युनियनका महासचिव दिलीप पौडेलले लोकतान्त्रिक आन्दोलनमा नेपाली प्रेसले खेलेको भूमिकाको चर्चा गर्दै सञ्चारमाध्यमलाई टिकाइराख्न सक्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष एवं राससका पूर्वअध्यक्ष कुलचन्द्र वाग्ले, नेपाल पत्रकार महासङ्घका गण्डकी प्रदेश उपाध्यक्ष सोनी शर्मा, नेपाल प्रेस युनियनका प्रदेश महासचिव प्रकाश ढकाल लगायतले पत्रकारिता क्षेत्रका चुनौतीका बारे प्रष्ट पार्नुभयो ।

अधिवेशनले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

# वडा १५ को ब्याडमिण्टन रमेश र धनराज जोडीलाई, महिलातर्फ तुलसी र टिकीसरा विजयी

प्रेम बहादुर आले
पोखरा, ६ जेठ



पोखरा महानगरपालिका वडा १५ द्वारा आयोजित वडा १५ स्तरिय पुरुष तथा महिला डबल्स ब्याडमिण्टन प्रतियोगितामा पुरुषतर्फ रमेश प्रसाद श्रेष्ठ र धनराज गुरुङ्गको जोडी प्रथम भएको छ ।

शनिबार भएको फाइनल खेलमा प्रकाश गुरुङ्ग र युवराज गुरुङ्गको जोडीलाई पराजित गर्दै यो जोडीले उपाधी जितेको हो । महिलातर्फ तुलसी फगामी पुन र टिकीसरा गर्वुजा तामाङ्गको जोडीले लिलादेवी शेरपञ्जा र सुशिला पुर्जा पुनको जोडीलाई पराजित गर्दै प्रथम स्थान हाँसिल गरे । पुरुषतर्फ खुमबहादुर गुरुङ र हरिबहादुर आले तथा मनिष गुरुङ्ग र सफल थापा मगरको जोडीले तृतीय स्थान प्राप्त गरे । महिलातर्फ दिलकुमारी रोन्जिता र हरिमाया थापा तथा गंगा नापित र बिमला थापाको जोडी तृतीय भए ।

विजयी खेलाडीहरुले क्रमश : ७, ५ र ३/३ हजार नगद सहित प्रमाण पत्र पुरस्कार प्राप्त गरे । प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङ्गले एक समारोहका विच विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे । सो अवसरमा उनले आपसी भाइचारा र स्वस्थ्य समाज निर्माणका लागि खेलकुद महत्वपूर्ण भएको औंल्याए । वडाध्यक्ष तोरण बानियाँले वडाले विकास निर्माणसंगै खेलकुदका कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको बताए ।

खेल संयोजक समेत रहेका वडा सदस्य आशिष भण्डारीले वडाको सफलतामा जनप्रतिनिधीको मात्र नभई जनताको पनि उत्तिकै सहकार्यको खाँचो रहेको औंल्याए । कार्यक्रममा मितेरी टोल विकास संस्थाका सल्लाहकार मोती पोखरेल, वडा सदस्यहरु सेतीमाया गुरुङ्ग, मन्दिरा परियार, बलराम पौडेल लगायतले पुरस्कार वितरण गरेका थिए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।
बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३५१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबैं फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हार्डी

## सम्पादकीय

# पूरा नहुने बाचा

सरकारले ल्याएको नीति तथा कार्यक्रम चालू आर्थिक वर्षको कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षको नीति निर्धारण गरेको छ । स्रोत अभावमा बजेटको सिलिङ घटाएको सरकारले अधिकांश कार्यक्रमलाई निरन्तरता दिएको छ । एकातिर बजेट घट्ने र अर्को तिर कार्यक्रम निरन्तरता दिनु विरोधाभास हो । चालु खर्च घटाउन सरकारी केही संस्था गाभ्ने योजना ल्याएपनि कार्यान्वयन हुन्छ भनेर पत्याउने अवस्था छैना। अघिल्लो वर्ष घोषणा भएको राइडिङ सेवालाई कानुनी दायरामा ल्याउने रेल, मेट्रो रेल सञ्चालन गर्ने, जल यातायात सञ्चालन गर्ने कार्यक्रम नै अघि सारेको छ । सरकारले राजनीतिक कार्यक्रम अन्तर्गत उच्च पदस्थ व्यक्तिहरुको सम्पत्ति छानविन गर्ने, विदेशमा रहेका नागरिकलाई भोटिङको व्यवस्था गर्ने, नागरिकता सम्बन्धी समस्या छिटो सम्बोधन गर्ने जस्ता विषय उल्लेख गरेको छ।

यी केही वर्षदेखि कार्यक्रममा पर्ने तर कार्यान्वयन नहुने हुन । सरकारले सार्वजनिक सेवा प्रवाहका क्षेत्रलाई अनलाइनबाट गर्ने, राहादानी, लाइसेन्स, विद्यार्थी विदेश अध्ययन गर्न जाँदा 'नो अब्जेक्सन लेटर'लाई सहज गर्ने जनाएको छ । राष्ट्रिय परिचयपत्र विवरण दर्ता स्थानिय तहबाटै गर्ने व्यवस्था मिलाउने र ३ वर्षभित्र जग्गाधनी प्रमाणपुर्जा, बैंक खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमतिपत्र जारी गर्दा अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नुपर्ने छ । सवारी चालक लाईसेन्स वितरण गर्न नसकेको बेला यी काम सक्ने कुरा जनता झुक्याउने शब्द जाल हो। सरकारले विकास निर्माणमा कम चासो दिएको छ तर कार्यक्रममा पूर्वाधारमा पूर्वपश्चिम राजमार्गको विस्तार, दुर्तमा मार्ग विस्तार २०८३ सम्म सम्पन्न गर्ने, सुरुङ, फ्लाई ओभर जस्ता पूर्वाधारलाई प्राथमिकता दिने जनाएको छ । यी काम गर्न होइन देखाउनका लागि हुनुहुँदैन । पर्यटन क्षेत्रमा नयाँ हिमाल आरोहण खुला गर्ने, नयाँ पर्यटकीय गन्तब्यको पहिचान, संस्कृतिक र धार्मिक क्षेत्रलाई सफा र विदेशी पर्यकट आकर्षण गर्ने कार्यक्रममा समेटेको छ।

२ वर्षभित्र ५ लाख आन्तरिक रोजारी सिर्जना गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने, विभिन्न मुलुकसँग श्रम सम्झौता पुनरवलोकनका साथै नयाँ श्रम गन्तव्य मुलुकको पहिचान गरिने दोहोऱ्याएको छ। खेलकुदमा दुई वर्षभित्र किर्तिपुर र मुलपानी क्रिकेट रङशालाको स्तरोन्नती गरी अन्तर्राष्ट्रिय प्रतियोगिता गर्ने, चितवनको भरतपुर, कैलालीको फाप्ला, बैतडीको दशरथचन्द र मोरङको विराटनगर क्रिकेट रङगशालाको पूर्वाधार निर्माण कार्य अघि बढाउने कार्यक्रम ल्याएको छ। सुन्दा राम्रो तर कार्यान्वयन गर्ने श्रोत नभएको बेला पुरानै कुरा दोहोर्याउनु जनताकोआँखामा छारो हाल्नु हो ।

-सरकारले उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्ने -विदेशी लगानी भित्राउन ग्रिन बन्ड, पूर्वाधार बन्ड एवं सहुलियतपूर्ण ऋण परिचालन गर्ने -सहज जग्गा प्राप्ती, खरिद प्रक्रिया, वातावरणीय प्रभाव मुल्यांकनलाई सरलीकरण गर्न विकास आयोजना सम्बन्धी एकिकृत कानुन बनाइने भन्न सजिलो गर्न गाह्रो छ -उद्योगलाई चाहिने जग्गाको हदबन्दी पुनरवलोकन हुने -अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन गर्नकोलागि नेपालका आकर्षक स्थलहरुलाई प्रवर्द्धन गर्ने -सार्वजनिक स्थानमा एक हजार सुविधा सम्पन्न शौचालय निर्माण गर्ने अठोट भए संभव छ -सरकारले वर्षातमा मासिक ५० युनिट र हिउँदमा ३० युनिट विद्युत निःशुल्क उपलब्ध गराउने -अनलाइनबाट गरिने नेपाली विज्ञापनलाई नियमनमा ल्याउने, -सरकारी कार्यलयले विद्युतीय सवारी खरिद गर्ने, पेट्रोल गाडीलाई रुपान्तरण गर्न सहुलियत दिने कुरा हुन सकेमा एक पाइला अघि बढ्नेछ ।

-नेपाल वायुसेवा निगमको पुन संरचना गर्ने -८० को दशकलाई पर्यटन वर्षको रुपमा मनाइने -सडक यातायात, रेल, जलमार्ग र हवाई क्षेत्रलाई समेट्नेगरी एकिकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गर्ने -कीर्तिपुर र मुलपानी क्रिकेट मैदानमा २ वर्षभित्र अन्तर्राष्ट्रिय प्रतियोगिता गराइने -श्रमीकको सहजताकालागि स्वचालित ज्याला प्रणाली लागू गर्ने -प्रत्येक दुई जिल्लामा एउटा एयर एम्बुलेन्स सञ्चालन गर्ने -काठमाडौंका नदी किनारमा भएका सुकुम्बासीलाई स्थानान्तरण गरिने -हुलाक बचत बैंकलाई सरकारी बैंकमा गाभिने -नेपाली वस्तु २० प्रतिशत महँगो भएपनि खरिद गर्नुपर्ने -एक पालिका एक हुलाक अवधारण कार्यान्वयन गर्ने -२०८२ सम्म असहाय र अपलत्र व्यक्तिहरूको उद्धार तथा पुनःस्थापना गरी सडक मानवमुक्त समाज बनाउने -९८ प्रकारका औषधी स्वदेशमा नै उत्पादन गर्ने यी सबै पुरानै हुन । कार्यान्वयन गर्न त्यस अनुसारको बजेट आउनु पर्दछ ।

# रासका पूर्वअध्यक्ष वाग्ले र कार्यकारी सम्पादक बस्नेत पुरस्कृत

**पोखरापत्र संवाददाता**
दमौली, ६ जेठ

राष्ट्रिय समाचार समिति (रासस)का पूर्वअध्यक्ष कुलचन्द्र वाग्ले र कार्यकारी सम्पादक सूर्यचन्द्र बस्नेत गृह जिल्लामा पुरस्कृत हुनुभएको छ । नेपाल प्रेस युनियन तनहुँ शाखाले अधिवेशनको अवसर पारेर उहाँहरूलाई आज सम्मान गरेको हो । शाखाको शनिबार आयोजित अधिवेशनका अवसरमा पूर्वअध्यक्ष वाग्लेलाई ‘बलराम बानियाँ स्मृति पत्रकारिता पुरस्कार’बाट पुरस्कृत गरिएको छ । उक्त पुरस्कारको राशि रु १० हजार रहेको छ । त्यस्तै राससका कार्यकारी सम्पादक एवं प्रदेश तथा जिल्ला ब्युरो प्रमुख बस्नेतलाई 'नरहरि खनाल स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । उक्त पुरस्कारको राशि पनि रु १० हजार रहेको छ । यस्तै गेगनाथ नहर्की स्मृति पत्रकारिता पुरस्कार नेपाल प्रेस युनियन तनहुँका पूर्वअध्यक्ष डम्बरबहादुर अधिकारीलाई प्रदान गरिएको छ । पुरस्कारको राशिरु१० हजाररहेकोछ।गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले उहाँहरूलाई उक्त पुरस्कार प्रदान गर्नुभयो । अधिवेशनले युनियनको नयाँ नेतृत्व चयन गर्ने अध्यक्ष अमरराज नहर्कीले जानकारी दिनुभयो ।

# छाब्दी बाराही मन्दिरको छाना तामाले छाइने

**पोखरापत्र संवाददाता**
दमौली, ६ जेठ

व्यास नगरपालिका–१४ स्थित प्रसिद्ध धार्मिक पर्यटकस्थल छाब्दी बाराही मन्दिरको जीर्णोद्धारको काम पुरातात्विक भक्तपुरे इँटाको प्रयोग गरी मन्दिर निर्माण र मन्दिरको छाना तामाको पाताले छाउन काम सुरु गरिएको छ।

विसं २०७९ वैशाख १९ देखि सुरु गरी २०८० जेठ मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छाब्दी बाराही मन्दिर पुनःनिर्माण समितिका अध्यक्ष दुर्गाबहादुर थापाले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय सामाजिक विकास कार्यालयमार्फत रु १५ लाख र स्थानीय श्रमदान रु एक लाख २० हजार दुई सय ५८ को लागतमा मन्दिर पुनःनिर्माण गर्न लागिएको हो । मन्दिरको निर्माण कार्य भइरहे पनि पूजाअर्चनाका लागि आउने भक्तजनलाई कुनै किसिमको बाधा नपुग्ने गरी काम गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले विनियोजन गरेको बजेटले छाना छाउन पुग्नेछ । उहाँले भन्नुभयो, “मन्दिरको अन्य भौतिक संरचना निर्माणका लागि मन्दिर संरक्षण विकास कोष, चन्दा सङ्कलन र स्थानीय श्रमदानबाट काम गर्ने योजना छ ।” मन्दिरको संरचना निर्माणलगायतका कामका लागि करिब रु ८५ लाखको लागत अनुमान रहेको मन्दिर पुनःनिर्माण समितिले जनाएको छ । उक्त क्षेत्रका करिब दुई सय घरधुरीका दुई हजार पाँच सय मानिस प्रत्यक्ष लाभान्वित हुने बताइएको छ ।

# सुदूरपश्चिम प्रदेश सरकार विस्तार

**रासस**
काठमाडौं, ६ जेठ

सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा शनिबार मौजुदा मन्त्रिपरिषद् विस्तार तथा कार्यविभाजन गर्नुभएको छ ।

प्रदेश प्रमुख जोशीले गत माघ २६ गते गठित प्रदेश मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा १६८ बमोजिम मन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नुभएको हो ।

नवगठित मन्त्रिपरिषद्मा भौतिक पूर्वाधार विकासमन्त्री प्रकाशबहादुर देउवा, आर्थिक मामिलामन्त्री नरेशकुमार शाही, आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंह, सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्रीमा रमेशसिंह धामीले जिम्मेवारी पाउनुभएको छ । भौतिक पूर्वाधारमन्त्री देउवा र आर्थिक मामिलामन्त्री शाही यसअघि नै मन्त्री बन्नुभएको हो ।

# सञ्चारिकाको सडक सुरक्षा र सञ्चार सम्बन्धी कार्यक्रम

**प्रेम बहादुर आले**
पोखरा, ६ जेठ




सातौं संस्करणको युयन गोबल सडक सुरक्षा सप्ताहको सन्दर्भमा सञ्चारिका समूह गण्डकीले नाशा फाउन्डेसनसँगको सहकार्यमा सडक सुरक्षामा सञ्चारकर्मीको भूमिकाबारे अन्तरक्रिया कार्यक्रम गरेको छ ।

सञ्चारिका समूह गण्डकीका अध्यक्ष कविता श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रममा भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकीका प्रवक्ता टीकाराम पौडेलले सडक सुरक्षाका लागि सडक पहुँचता महत्वपूर्ण हुने भन्दै गण्डकी सरकारले पहुँचका लागि काम गरिरहेको बताउनुभयो ।

त्यसै गरी नासा फाउन्डेशनका कार्यकारी निर्देशक गोविन्द भट्टराइले सडक दुर्घटनामा अकालमा मृत्यु हुनेहरुको संख्या विकराल बन्दै गएकोमा चिन्ता व्यक्त गनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रवक्ता तथा वडा नं २५ का वडाध्यक्ष मोतिलाल तिम्सिनाले सवारी, सवारी चालक र सहचालकको स्वास्थ्य जाँचको आवश्यकता रहेकोमा जोड दिनुभयो। संस्थाका अध्यक्ष कविता श्रेष्ठले सुरक्षित सवारी,दिगो सडक बारे चेतना जगाउन र बहस चलाउन संचार माध्यमको महत्वपूर्णर्ण भूमिका रहेको बताउनुभयो । त्यसैगरी नासा फाउण्डेशनका कमला आचार्यले सडक सुरक्षा अहिलेको आवश्यकता रहेकोले संचार माध्यमले यस विषयलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । कार्यक्रममा प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारी, सञ्चारिका समूह गण्डकीका पूर्व अध्यक्ष सुष्मा पौडेल, नेपाल पत्रकार महासंघ गण्डकीका सचिव यदुनाथ बञ्जारा, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, पोखरा महानगरपालिकाका सिनियर इन्जिनियर सुरेन्द्र पौडेल, साइकल सिटीका प्रकाश बज्राचार्य, दलित महिला संघ कास्कीका अध्यक्ष लक्ष्मी खाती लगायतको उपस्थिति रहेको थियो । सडक सुरक्षाबारे चेतना जगाउन र बहस चलाउनका लागि निमित्त सुरक्षा सप्ताह जेठ १ देखि जेठ ७ गतेसम्म विश्वभर विभिन्न सन्देशमुलक कार्यक्रम गरी मनाइँदैछ । नेपालमा सवारी दुर्घटनामा हरेक दिन ७ जनाले ज्यान गुमाउनु पर्ने तथ्यांक छ । यस आर्थिक वर्षको साउन देखि चैत्रसम्ममात्र देशभर ७ हजार ७ २३ वटा सवारी दर्घटना भएका छन् । जसमा १ सय ४८ जनाले ज्यान गुमाएका छन् ।

# प्रेस युनियन तनहुँको अध्यक्षमा मियाँ

**पोखरापत्र संवाददाता**
दमौली, ६ जेठ

प्रेस युनियन तनहुँको अध्यक्षमा शेषमहम्मद हनिफ (गोरा) मियाँ सर्वसम्मत निर्वाचित हुनुभएको छ । शाखाको आज सम्पन्न आठौँ अधिवेशनबाट मियाँको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको हो ।

अधिवेशनबाट उपाध्यक्षमा खुलातर्फ प्रकाश अधिकारी, समावेशीमा पूर्ण विके, सचिवमा उपेन्द्र खनाल, कोषाध्यक्षमा एलोज श्रेष्ठ, सहसचिवमा शिला वाग्ले र सदस्यमा दानबहादुर श्रेष्ठ, सञ्जय श्रेष्ठ, मुना कालिराज विक, सुनिता थापा, सुशीला थापा, विनिता थापा र मिलन तामाङ चयन हुनुभएको छ ।

अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेमगरले संविधानको रक्षा र लोकतन्त्र संरक्षणमा नेपाली प्रेसको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । मन्त्री आलेले नेपाली पत्रकारिता क्षेत्रले लोकतन्त्रको संरक्षण र संविधान रक्षाका लागि खेलेको भूमिका सदैव स्मरणीय रहँदै आएको उल्लेख गर्नुभयो । जोखिमका बीचमा पनि पत्रकारले आफ्नो धर्म निर्वाह गरिरहेको बताउँदै मन्त्री आलेले पछिल्लो समय अनलाइन पत्रकारितामा विकृति बढेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, “पछिल्लो समय अनलाइन पत्रकारितामा जनता प्रष्ट हुन सकिरहेका छैनन्, जनता भ्रममा परिरहेका छन् । त्यसलाई पत्रकारले चिर्नुपर्ने अवस्था छ ।”

पत्रकारितामा पनि विकृति बढ्दै गएकाले त्यसलाई सुधार गर्नुपर्ने आवश्यक रहेको भन्दै उहाँले भन्नुभयो, “पत्रकारितामा पैसाको बार्गेनिङको प्रवृत्ति बढ्दै छ । पत्रकारिता चौथो अङ्ग भएकाले पत्रकारिता क्षेत्रको सुधार्नुपर्ने आवश्यकता छ ।” प्रेस युनियन लोकतन्त्रमा विश्वास राख्ने संस्था भएकाले प्रेस युनियनमा आबद्ध पत्रकारले स्वच्छ पत्रकारिता गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष ऋषिकान्त पौडेलले पत्रकारितामा चुनौती रहेकाले वर्तमान सरकारले पत्रकारिता क्षेत्रको समस्या सम्बोधन गर्नेमा विश्वास व्यक्त गर्नुभयो । प्रेस युनियनका महासचिव दिलीप पौडेलले लोकतान्त्रिक आन्दोलनमा नेपाली प्रेसले खेलेको भूमिकाको चर्चा गर्दै सञ्चारमाध्यमलाई टिकाइराख्न सक्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष एवं राससका पूर्वअध्यक्ष कुलचन्द्र वाग्ले, नेपाल पत्रकार महासङ्घका गण्डकी प्रदेश उपाध्यक्ष सोनी शर्मा, नेपाल प्रेस युनियनका प्रदेश महासचिव प्रकाश ढकाललगायतले पत्रकारिता क्षेत्रका चुनौतीका बारेमा प्रष्ट पार्नुभयो ।

# बाख्रापालक कृषकलाई अनुदान वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ जेठ

बेनी नगरपालिकाका छ वटा वडालाई समेटेर बाख्राको व्यावसायिक उत्पादन केन्द्र (ब्लक) कार्यक्रममा आबद्ध कृषकलाई रु १६ लाखभन्दा बढी अनुदान वितरण गरिको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले जिल्ला बाख्रा व्यवसायी सङ्घमार्फत बेनी नगरपालिकाको १ देखि ६ नम्बर वडामा बाख्रा ब्लक कार्यक्रम सञ्चालन गरेको छ ।

केन्द्रका नायव पशु सेवा प्राविधिक गणेश रिजालले बाख्रा ब्लक निरन्तरता कार्यक्रमअन्तर्गत ६५ जना कृषकलाई प्रतिव्यक्ति रु २४ हजार ६२५ का दरले अनुदान वितरण गरिएको जानकारी दिनुभयो । खोर तथा ओपन याड निर्माण, मर्मत, प्रजनन बोका खरिद, यान्त्रीकरण कार्यक्रमका लागि सम्झौता गरेका सबै कृषकले कार्यसम्पन्न गरेपछि रकम वितरण गरेको उहाँले बताउनुभयो ।

केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले सबै कृषकको फर्म अनुगमन गरेर सम्झौताअनुसारको काम गरेको प्रमाणित भएपछि रु १६ लाख ६२५ नगद अनुदान वितरण गरिएको बताउनुभयो । कार्यक्रमअन्तर्गत यसअघि सात सय ५० किलोग्राम सुदान, बजरा, टियोसेन्टी जातको घाँसको बीउका साथै आइभरनाइट ट्याब्लेट, मिनिरल र बाह्य परजीवीविरुद्धको औषधि वितरण गरिएको थियो । कृषकलाई अभिमुखीकरण र अन्तरक्रिया भइसकेको छ । चालु आर्थिक वर्षमा रु २० लाख विनियोजन भएको (ब्लक) कार्यक्रममार्फत खोर तथा ओपन याड मर्मत, प्रजनन बोका, फार्म यान्त्रीकरण, मासु पसललाई फ्रिज प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको जिल्ला बाख्रा व्यवसायी सङ्घका उपाध्यक्ष महेन्द्र बानियाँले बताउनुभयो । व्यावसायिक बाख्रापालन विस्तार, मासुको उत्पादन वृद्धि, गुणस्तर सुधार र बजारीकरणमा सघाउने उद्देश्यले गत वर्षदेखि ब्लक कार्यक्रम सुरु भएको थियो । गत वर्ष ३९ जना कृषकले ब्लक कार्यक्रममा आबद्ध भएका थिए । यस वर्ष १० वटाभन्दा बढी बाख्रा पालेका कृषकलाई कार्यक्रममा आबद्ध गराइएको जिल्ला बाख्रा व्यवसायी सङ्घका सचिव नरबहादुर थापाले बताउनुभयो । म्याग्दीले मासुमा आत्मनिर्भर बनाउने र नश्ल सुधारका लागि आवश्यक उन्नत जातका बोका उत्पादन गर्ने लक्ष्य रहेको छ ।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | अप्रत्यसित लाभ | तुला | झमेला बढ्ने |
| वृष | आर्थिक समस्या | वृश्चिक | कार्यमा सफलता |
| मिथुन | मानसिक तनाब | धनु | मन चञ्चल |
| कर्कट | शारीरिक झमेला | मकर | सहयोग मिल्नेछ |
| सिंह | ब्यापारमा लाभ | कुम्भ | सत्कार मिल्नेछ |
| कन्या | शत्रुको भय | मीन | सम्मान मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।




# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ मट्टिखान भिरस्वाहारा, धुवारकोट छहरे मोटरबाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** मट्टिखान भिरस्वाहारा, धुवारकोट छहरे मोटरबाटो
**स्थानः** पोखरा–२१,कास्की
**योजना सम्झौता मिति** : २०७९/११/३० गते
**योजना सुरु हुने मिति** : २०७९/१२/०१ गते
**योजना सम्पन्न हुने मितिः** २०८०/०२/२५ गते
**योजनाको कुल लागत** : रु. २२,६४,२९५.६३ |–
**महानगरपालिकाबाट प्राप्त हुने रकम** : रु.२०,००,००० |–
**जनश्रमदानबाट** : रु.२,६४,२९५.६३ |–
**जम्मा खर्चः** २२,६४,२९५.६३ |–
**उपभोक्ता समिति अध्यक्षः** जीतेन्द्र गुरुङ
**सम्पर्क नं.** ९८१६०९८१७५
**जम्मा सदस्य संख्याः** ९, महिला सदस्यः ३ पुरुष सदस्यः ६ जना

**मट्टिखान भिरस्वाहारा, धुवारकोट छहरे मोटरबाटो निर्माण उपभोक्ता समिति पोखरा–२१, कास्की**

